# अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर

कोशी प्रदेश, नेपाल

प.सं : २०८०।०८१

च.नं.

मिति:२०८०/०५/०३

## सेवा करारका लागि दरखास्त आव्हान गरिएको सूचना

प्रस्तुत विषयमा यस कार्यालय वा अन्तरगत रहेको **एम्वुलेन्स** सञ्चालनको लागि निम्नानुसारको हलुका सवारी चालक पद सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारले तोकिएको ढाँचामा देहायका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको प्रशासन शाखामा रितपुर्वक दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/२०८०/०८१ | हलुका सवारी चालक | श्रेणी विहीन | १(एक) | |

**निम्नः-**

क) **परीक्षाको किसिमः** प्रयोगात्मक परीक्षा र अन्तरवार्ता ।

ख) **दरखास्त दस्तुरः** रु २५०।- (दुइ सय पचास)

ग) **दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्र, सवारी चालक अनुमति पत्र (ड्राइभिङ्ग लाइसेन्स), तालिम र अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।

घ) **दरखास्त दिने अन्तिम मितिः** २०८०/०५/१७ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र ।

ङ) **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः** दरखास्त दस्तुर यस कार्यालयमा बुझाउनु पर्नेछ ।

च) **प्रयोगात्मक परीक्षा र अन्तरवार्ता हुने स्थान र मितिः** यस कार्यालयले पछि सूचना प्रकाशित गर्नेछ ।

छ) **पदमा रहि गर्नुपर्ने कामको विवरणः** सेवा करार सम्झौतामा उल्लेख भएबमोजिम हुने।

ज) **तलवः** प्रचलित कानून बमोजिम ।

झ) दरखास्त फारम यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

ञ) **आवश्यक न्यूनत्तम योग्यताः**

१. दरखास्तको सूचना प्रकाशित भएको मिति भन्दा अगाडि सवारी चालक अनुमति पत्र प्राप्त गरी सवारी चालक अनुमति पत्रको म्याद बहाल रहेको हुनुपर्नेछ ।

२. सवारी चालक अनुमति पत्र प्राप्त गरी सवारी चालकको रुपमा न्यूनत्तम पाँच वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ ।

सूर्यबहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

Email : arunrmun@gmail.com

अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर

कोशी प्रदेश, नेपाल

प.सं. : २०८०।०८१

३. पच्चीस वर्ष उमेर पुरा भएको हुनुपर्नेछ।

४. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट निर्धारित एम्बुलेन्स चालकको तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

**द्रष्टव्यः-**

क) यस कार्यालयबाट तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनत्तम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिए बमोजिमको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

ख) प्रयोगात्मक परीक्षामा उत्तिर्ण हुने उम्मेदवारले अन्तरवार्ता दिनुभन्दा अगाडि नेपाली नागरिकताको प्रमाण पत्र, सवारी चालक अनुमति पत्र (ड्राइभिङ्ग लाइसेन्स), तालिम, सवारी चालक भइ काम गरेको अनुभव सम्बन्धी पत्रको सक्कल प्रतिको साथै सो को प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(सूर्यबहादुर भण्डारी)

प्रमुख प्रशासकीय अधिकृत

Email : arunrmun@gmail.com